VERMONT
DEPARTMENT OF HEALTH

Vital Records Office
पी.ओ. बॉक्स 70
Burlington, VT 05402

# ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रको लागि कसरी आवेदन दिने

संलग्न गरिएको **ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रको लागि अनुरोध** र **ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रमा हुनुपर्ने जानकारीको कथन**लाई भर्मोन्टमा भएको जन्म र जन्मेको नगर भनेर कहिले दाखिला नगरेको जन्मलाई रेकर्ड गर्न प्रयोग गरिन्छन् ।

**ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्र आवेदनका लागि निर्देशनहरू:**

1. ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रको लागि अनुरोध र ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रमा हुनुपर्ने जानकारीको कथन पूरा भर्नुहोस् ।
2. फारामहरूलाई नोटरी पब्लिककहाँ लैजानुहोस् र नोटरी पब्लिकको उपस्थितिमा आफ्नो हालको कानुनी नामको हस्ताक्षर गर्नुहोस् ।
3. उमेर, जन्मस्थान र अभिभावकत्व जानकारी प्रमाणित गर्ने सहायक सक्कल वा प्रमाणित कागजातहरू जम्मा गर्नुहोस्:

   **10 वर्ष वा सोभन्दा बढी उमेरको व्यक्तिको लागि** भर्मोन्टमा ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रलाई समर्थन गर्न तीनवटा प्रमाणित वा सक्कल कागजातहरू आवश्यक पर्छन् । प्रत्येक कागजातले अनिवार्य रूपमा व्यक्तिको जन्म मिति वा उमेर देखाउनुपर्छ र कागजात अनिवार्य रूपमा ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्र लिने मितिअघि कम्तीमा पनि 10 वर्ष पहिले वा जन्म मितिको 3 वर्षभित्र तयार गरिएको हुनुपर्छ । कम्तीमा पनि एउटा कागजातले व्यक्तिको जन्मस्थान भर्मोन्ट भएको अनिवार्य रूपमा देखाउनुपर्छ र एउटा कागजातमा अनिवार्य रूपमा कम्तीमा पनि आमा वा बुबामध्ये एकजनाको नाम समावेश भएको हुनुपर्छ । अर्को पृष्ठमा मुख्य कागजातहरूको सूची हेर्नुहोस् । *कागजातहरूलाई स्टेट रजिस्ट्रारद्वारा जाँच र स्वीकृत गरिनुपर्छ ।*

   **10 वर्षभन्दा कम उमेरको व्यक्तिको लागि** भर्मोन्टमा ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रलाई समर्थन गर्न दुईवटा प्रमाणित वा सक्कल कागजातहरू आवश्यक पर्छन् । पहिलो कागजातले जन्मको समयमा आमा भर्मोन्टमा भएको अनिवार्य रूपमा देखाउनुपर्छ । दोश्रो कागजातले अनिवार्य रूपमा बच्चाको नाम, जन्म मिति, जन्मस्थानमा भर्मोन्ट र कम्तीमा पनि आमा वा बुबामध्ये एकजनाको नाम समावेश भएको देखाउनुपर्छ । अर्को पृष्ठमा मुख्य कागजातहरूको सूची हेर्नुहोस् । *कागजातहरूलाई स्टेट रजिस्ट्रारद्वारा जाँच र स्वीकृत गरिनुपर्छ ।*
4. निम्न फाराम र सहायक कागजातहरू पेश गर्नुहोस्:

   पूरा भरिएको र नोटरी गरिएको ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रको लागि अनुरोध

पूरा भरिएको र नोटरी गरिएको ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रमा हुनुपर्ने जानकारीको कथन र
उमेर, जन्मस्थान र अभिभावकीय जानकारी प्रमाणित गर्ने सहायक सक्कल वा प्रमाणित कागजातहरू:

प्रापक: Vermont Department of Health - Vital Records Office
108 Cherry Street, PO Box 70
Burlington, VT 05402

सभी मूल दस्तावेज़ और दस्तावेज़ों की प्रमाणित प्रतियां आवेदक को वापस कर दी जाएंगी। अप्रमाणित फोटोकॉपी स्वीकार नहीं की जाएगी.

सबै सक्कल कागजात र कागजातका प्रमाणित प्रतिहरू आवेदकलाइ फिर्ता गरिनेछ । प्रमाणित नगरिएका फोटोकपीहरू स्वीकार गरिने छैन ।

**ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रको लागि तथ्यहरू प्रमाणित गर्न आवश्यक पर्ने मुख्य कागजातहरू:**

- अस्पतालको जन्मको रेकर्ड वा वर्कसिट
- चिकित्सकको कार्यालयले राखेको जन्मको रेकर्ड वा वर्कसिट
- मिडवाइफले राखेको जन्मको रेकर्ड वा वर्कसिट
- अमेरिकी जनगणना रेकर्ड
- विवाह लाइसेन्स आवेदन
- सामाजिक सुरक्षा खाता आवेदन
- सैन्य रेकर्ड (प्रमाणपत्र होइन)
- राहदानी
- स्कुलको जनगणना वा भर्ना रेकर्ड
- जीवन बीमा पोलिसी – पोलिसी नम्बर र जारी मिति देखाउने पूरा पोलिसी
- रोजगारीका रेकर्डहरू
- मेडिकल, अस्पताल वा डेन्टल रेकर्ड
- स्टेट रजिस्ट्रारले अनुरोध गरेअनुसार अन्य प्रमाण

ध्यान दिनुपर्ने कुरा: व्यक्तिगत सपथ पत्रहरूलाई मुख्य कागजातहरुको रुपमा पेश गर्न सकिँदैन ।

## ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्र दाखिला गर्न किन प्रमाण आवश्यक पर्छ ?

जन्म दर्ता प्रमाणपत्र भनेको अमेरिकी नागरिकता र उमेर प्रमाणित गर्ने महत्त्वपूर्ण कागजात हो । ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्र पनि जन्मको तथ्य प्रमाणित गर्न प्रयोग गरिने कागजातहरु जत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैले विशेष पुष्टि गर्ने सहायक कागजातहरू आवश्यक पर्छन् । कागजातहरू अनिवार्य्य रुपमा सक्कल वा प्रमाणित गरिएको र फेरबदल नगरिएको हुनुपर्छ ताकि तपाईंको ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्र सही हुन सकोस् ।

## कुनै प्रश्नहरू छन् ?

ढिलाइ गरिएको जन्म दर्ता प्रमाणपत्रबारे कुनै पनि प्रश्न भएमा Vital Records Office - Vermont Department of Health लाई फोन गर्नुहोस् । Vital Records का सुपरभाइजरलाई (802) 863-7278 मा सम्पर्क गर्न सकिन्छ ।